# फिदिम राजपत्र

## फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ फिदिम,पाँचथर संख्याः ४

**भाग-१**
**फिदिम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**फिदिम पाँचथरको सूचना**

# फिदिम नगरपालिका लघु तथा साना जल विद्युत आयोजना (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८२

## फिदिम नगरपालिका लघु तथा साना जल विद्युत आयोजना (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८२

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ खण्ड ध को बुंदा नं २ को कार्यान्वयन सहजीकरणका लागि फिदिम नगरपालिकाबाट १ मेगावाट (१००० किलोवाट) भन्दा कम क्षमताका आयोजनाहरूको सर्वेक्षण, उत्पादन, प्रसारण एवम् वितरणको अनुमतिपत्र जारी गर्ने सम्बन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

फिदिम फिदिम नगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "फिदिम नगरपालिका लघु तथा साना जल विद्युत आयोजना (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात लागू हुनेछ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(१) " अनुमति पत्र" भन्नाले यस ऐन बमोजिम दिइने अनुमति पत्र सम्झनुपर्छ।

(२) "अनुमति प्राप्त व्यक्ति" भन्नाले यस ऐन बमोजिम अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थालाई सम्झनु पर्छ।

(३) "आधिकारिक व्यक्ति " भन्नाले प्रवर्द्धक तथा अनुमति प्राप्त व्यक्तिको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ।

(४) "आयोजना " भन्नाले विद्युत उत्पादनका लागि सर्वेक्षण,उत्पादन, वितरण र सञ्चालन गरिने आयोजनालाई सम्झनु पर्छ।

(५) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ।

(६) "कार्यालय" भन्नाले फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यलयलाई सम्झनु पर्छ।

(७) "कार्यपालिका" भन्नाले फिदिम नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ

**(८)** "प्रवर्द्धक" भन्नाले कुनै आयोजनाको सर्वेक्षणका लागि दरखास्त दिएका वा अनुमति प्राप्त गरेका व्यक्तिलाई सम्झनुपर्छ।

(९) "प्रमुख" भन्नाले फिदिम नगरपालिका नगर प्रमुखलाई सम्झनुपर्छ।

(१०) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फिदिम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(११) "नगरपालिका" भन्नाले फिदिम नगरपालिकालाई सम्झनुपर्द्छ।।

(१२) "नियमावली " भन्नाले विद्युत नियमावली, २०५० लाई सम्झनुपर्दछ।

(१३)"निरीक्षक " भन्नाले कार्यालयबाट आयोजनाको अनुगमन, निरीक्षण तथा प्रतिवेदन सम्बन्धी कार्य गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(१४)“तोकिएको” भन्नाले यस ऐनको अधिनमा रही बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद - २

## सर्वेक्षण, निर्माण, उत्पादन, प्रसारण तथा वितरण अनुमति सम्बन्धी व्यवस्था

**३.** आयोजनाको क्षेत्रः नगरपालिका भित्र १ मे.वा. सम्मको क्षमता भएका विद्युत उत्पादन, प्रसारण वा वितरण सम्बन्धी आयोजना नगरपालिकाको आयोजना क्षेत्राधिकार भित्र पर्नेछ।

तर सङ्घीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरण भएमा जतिसुकै क्षमताको आयोजना भएता पनि नगरपालिकाले सो को व्यवस्थापन गर्न सक्नेछ।

**४.** सर्वेक्षण अनुमति लिनुपर्नेः (१) यस ऐन बमोजिमको आयोजना सर्वेक्षणको लागि अनुमति लिनुपर्नेछ।

(२) ऐनका प्रावधान बमोजिम अनुमति पत्र नलिई कसैले पनि आयोजनाको लागि सर्वेक्षण गर्न पाउने **छैन।**

**५.** सर्वेक्षण अनुमतिका लागि दरखास्त दिनुपर्नेः आयोजना सर्वेक्षणको अनुमतिका लागि प्रवर्द्धकले प्रमुख प्रशासकीय अधिकृत समक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्तका साथ तोकिए बमोजिमको कागजात संलग्न राख्नुपर्नेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतले समिति समक्ष पेस गर्नेछ।

६. सर्वेक्षण अनुमति दिनेः दफा ५ बमोजिमको कागजात र योग्यता पुगेको खण्डमा समितिको सिफारिसमा नगर कार्यपालिकाले सर्वेक्षण अनुमति दिन दिन सक्नेछ।

७. **निर्माण, उत्पादन, प्रसारण तथा वितरण अनुमतिका लागि दरखास्त दिनुपर्नेः** (१) दफा ६ बमोजिम सर्वेक्षण अनुमति प्राप्त व्यक्तिले सर्वेक्षण कार्य समाप्त गरेको **एक** वर्षभित्र तोकिए बमोजिमको विवरण सहित तोकिएको ढाँचामा तोकिए बमोजिमको दस्तुर बुझाई आयोजना निर्माण, उत्पादन, प्रसारण तथा वितरण र सञ्चालन गर्न निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा समितिले आवश्यक जाँचबुझ गरी अनमति दिन उपयुकत्त ठहरेमा अनुमतिका लागि सिफारिस गर्नेछ।

(३) उपदफा (२) को सिफारिसका आधारमा नगर कार्यपालिकाले निर्माण, उत्पादन, प्रसारण, वितरण र सञ्चालनका सर्त तोकी अनुमति दिनेछ।

(४) अनुमति प्रदान गर्न नसकिने भएमा अनुमति दिन नसक्नुको कारण खुलाई प्रवर्द्धकलाई लिखित जानकारी दिनु पर्नेछ।

८. **अनुमति पत्रको अवधि** : (१) आयोजना सर्वेक्षण अनुमति पाएको मितिबाट **एक** वर्षमा सर्वेक्षण कार्य सम्पन्न गरि सक्नुपर्नेछ तर कुनै प्राकृतिक प्रकोप वा काबु बाहिरको परिस्थिति उत्पन्न भई सर्वेक्षण कार्य नसकिएमा कार्यालय समक्ष मनासिब कारण र आधार सहित निवेदन दिएमा तोकिए बमोजिमको थप दस्तुर लिई अनुमति पत्रको अवधि थप गर्न सकिनेछ।

(२) आयोजना **निर्माण, उत्पादन, प्रसारण तथा वितरण अनुमति पत्रको अवधि नगर कार्यपालिकाले तोक्न सक्नेछ। आवश्यकताका आधारमा उक्त अवधि थप गर्न सकिनेछ।**

८. अनुमति पत्र हस्तान्तरण र अनुमति पत्र दिन बन्देज सम्बन्धी व्यवस्थाः (१) विद्युत अनुमति पत्र हस्तान्तरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) यस ऐन बमोजिम कुनै क्षेत्रमा विद्युत उत्पादन, प्रसारण, वितरण र सञ्चालनका लागि दिइएको अनुमति पत्रको अवधिभर सोही क्षेत्रमा सोही प्रकृतिको कामका लागि अन्य कुनै व्यक्ति वा संस्थालाई अनुमति दिइने छैन।

९. अनुमति पत्र खारेज गर्न सक्नेः (१)अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले यस ऐन वा ऐन अन्तर्गत बनेको नियमको विपरित कुनै काम गरेमा निरीक्षकको सिफारिसका आधारमा कार्यालयले आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ। आदेश सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम सुधार नगरेको खण्डमा नगर कार्यपालिकाले अनुमति खारेज गर्न सक्नेछ।

## परिच्छेद - ३
## समिति सम्बन्धी व्यवस्था

**१०.समिति गठनः (१)**यस ऐन तथा ऐन अन्तर्गत बनेको नियमको प्रयोजनका लागि तपसिलको सिफारिस समिति रहनेछ।

(क) नगर प्रमुख -संयोजक
(ख) नगर उप प्रमुख -सदस्य
(ग) वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक - सदस्य
(घ) सामाजिक विकास समितिको संयोजक - सदस्य
(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(च) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य
(छ) विद्युत विकास सम्बन्धी शाखाको प्रमुख वा समितिले तोकेको इन्जिनियर -सदस्य सचिव

(२) उपदफा (१) को समितिले राय परामर्शका लागि सम्बन्धित सरोकारवाला वा सम्बन्धित क्षेत्रको विज्ञता भएको व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

## परिच्छेद - ४
## विविध

११.**वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुनेः (१)**आयोजना सञ्चालनका क्रममा विद्युत उत्पादन, प्रसारण, वितरण वा सञ्चालन गर्दा वातावरणमा प्रतिकुल असर नपार्ने गरी गर्नुपर्नेछ।

**(२)** आयोजनाले नदीको बहावको कम्तीमा १० प्रतिशत पानी बहाव क्षेत्रमा खुला छोड्नुपर्नेछ।

१२.**सामाजिक उत्तरदायित्वः** विद्युत उत्पादन तथा वितरण सुरु भए पश्चात वार्षिक मुनाफाको १% रकम आयोजना क्षेत्रको वातावरणीय जोखिम व्यवस्थापनका लगानी गरी सो को प्रतिवेदन नगरपालिकामा पेस गर्नुपर्नेछ।

१३.**दण्ड जरिवानाः** यस ऐन बमोजिम अनुमति पत्र लिनुपर्नेमा नलिई आयोजना सञ्चालन गरेको, अनुमति पत्रमा तोकिएका सर्तहरू पालना नगरेको पाइएका छानबीन गरी दोषी व्यक्ति तथा संस्थालाई नगर कार्यपालिकाको निर्णय अनुसार जरिवाना गर्न सकिनेछ।

१४.**नवीकरण सम्बन्धी व्यवस्थाः** यस ऐन बमोजिम प्राप्त हुने अनुमति पत्रको नवीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५.**नियम बनाउने अधिकारः** यस ऐनको उदेश्य कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

१६.**बाधा अड्काउ सम्बन्धी व्यवस्थाः** यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले ऐनको विपरित नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

१७. **उत्पादन, वितरण, प्रसारण र सञ्चालनका अन्य सर्तः** यस ऐनमा उल्लेख नभएका, उत्पादन, वितरण, प्रसारण र सञ्चालनका अन्य सर्तहरू सम्बन्धित क्षेत्रको संघीय वा प्रदेश कानुनको सर्त बमोजिम हुनेछ ।

आज्ञाले
कुमार प्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत